

# १ गोठालाको अग्नीशिखा

<u>*यस अध्यायका मूल पदहरू:*</u> भजन २३, रोमी १२:१८-२१।

<u>*यस अध्यायको मूल सार पद:*</u> **"उहाँले मेरो प्राणलाई पुनर्जीवित पार्नुहुन्छ वा नयाँ जीवन प्रदान गर्नुहुन्छ। उहाँले आफ्नो नाउँ र महिमाको निम्ति मलाई धार्मिकताको मार्गमा डोऱ्याउनुहुन्छ" (भजनसंग्रह २३:३ रूपान्तरित)।**

युवती सोफी आफ्नो कोठाभित्र रुँदै जमिनमा लम्पछार परिन्। उनका आँखाहरू आँशु नै आँशुले भिजेका थिए। रुँदैरुँदै आफ्नो मर्म र भावना यसरी पोखाइन्, "होइन, उसले मलाई यो कसरी गर्न सक्छ र? मेरो बेइज्जत, अपमान गर्ने आँट उसमा कसरी आउन सक्यो?" सोफीले उनको हृदयलाई छियाछिया गर्ने सन्देश भर्खर पाएकी थिइन्। आफूले माया गरेको, विश्वास गरेको र भरपरेको व्यक्तिले उनको बारेमा आधारहिन गफहरू फैलाइरहेको थियो। उनको कामप्रति डाहा भएर उनको चरित्रमानै हत्या गर्ने खालका झुटो आरोपहरू त्यस साथीले फैलाइरहेको थियो। अत्यन्तै निराश र उदासभएर औछ्यानमा उनी लतरम्म लडिन्। तर आफ्नो शिरानीनिर भएको बाइबल लिइन् र पल्टाउन थालिन्। अचानक उनलाई थाहा भएका पदहरूमा उनका आँखाहरू लगाउन थालिन्, "उहाँले मेरो प्राणलाई पुनर्जीवित पार्नुहुन्छ। उहाँले आफ्नो नाउँको खातिर मलाई धार्मिकताको मार्गमा डोऱ्याउनुहुन्छ। मृत्युको अन्धकारमय घाटी भएर जानुपरे तापनि म कुनै खतरादेखि डराउनेछैनँ, किनकि तपाईं मेरो साथमा हुनुहुन्छ। तपाईंको लट्ठी र तपाईंको लहुरोले मलाई सान्त्वना दिन्छन्," (भजनसंग्रह २३:३-४)।

"यो त मेरो लागि हुनै सक्दैन!" उनी चिच्याउन थालिन्। तर ती पदहरू उनको अगाडि आगोको ज्वालाजस्तै बलिरहेको थियो। भजनको लेखकको गोठालोले आफ्नो लौरोले आफ्ना भेँडाहरूलाई कुन ठिक बाटोमा

हिंड्ने हो त्यसतिर डोऱ्याउँदै थियो। तर ती बाटोहरूमा हुरी, बतास, खस्रो ढुंङ्गनी बाटोहरू, भँडखालाहरू थिए जहाँ भेँडाले अलिकतिमात्र भूल गरेपनि त्यसबाट खसेर सधैंको निम्ति नाश हुन्थ्यो। आफ्नो साथीले दिएको दर्दनाक धोखा र पीडा के सोफीको निम्ति अन्धकार घाटी हुनसक्छ र? के परमेश्वरले नै उनलाई त्यस खतरानक बाटोमा लगिँदै कुन ठिक, धार्मिक र असल बाटोमा हिंड्ने हो भनेर तालिम दिइरहनुभएको छ त?

**यस अध्यायको झलकः तपाईंकै चाहना अनुसार चल्न पाएको समयमा कि दुःखकष्ट र कठिन परिस्थितिमा तपाईंको आत्मिक जीवनको वृद्धि कहिले भएको अनुभव गर्नुभएको छ?**

## १. यात्राको निम्ति पथ प्रदर्शकः गोठालो

**"परमप्रभु मेरा गोठाला हुनुहुन्छ, मलाई केही कुराको अभाव हुँदैन" (भजनसंग्रह २३:१)।**

एउटा बालसङ्गतिमा केही बालबालिकाहरूलाई परमेश्वरको बारेमा चित्र कोर्न अराएका थिए। सबैले आआफ्नै मनले चित्रहरू कोरे। एक जनाले त एउटा चित्रको बीचमा मुटुको चित्र कोरेको थियो। किन भनेर सोध्दा प्रभु प्रेमिलो हुनुहुन्छ भनेर सबैको अगाडि त्यस सानो बालकले सुनायो। यो कस्तो बालमैत्री सरल जवाफ थियो!

सबै कुरा ठिक ठिक र अनुकुल वातावरणमा प्रभुको बारेमा र उहाँका चाहनाहरूको बारेमा असल धारणाहरू राख्न सकिन्छ। तर जब हामी हुर्कँन्दै, जीवनमा संघर्ष गर्दै जान्छौं तब हाम्रो जीवन कठिन, चुनौतिपूर्ण र जटिल पनि गइरहेको हुन्छ। प्रभुप्रतिको हाम्रा धारणाहरूमा पनि आमूल परिवर्तन आउन सक्छ। तर यो याद राख्नु जरुरी छः हामी परिवर्तन हुन्छौं तर प्रभु अपरिवर्तनीय हुनुहुन्छ। उहाँ कहिल्यै पनि हेरफेर हुनुहुन्न (हिब्रू १३:८, याकूब १:१७)।

पौराणिक र आधुनिक इस्राएका गाउँबस्तीहरूमा भेँडा, बस्तु आदि चराउने वातावरण तथा पर्यावरण भएको पाइन्छ। त्यसैलाई मध्यनजर राखेर कतिपयले भजन २३ लाई मानिसहरूले आफ्नो ध्यान त्यसतर्फ गहिरो गरेर दिन्छन्। प्रभुले हामीलाई कसरी हेरचाह गर्नुहुन्छ भन्ने सन्देश त्यस भजनमा केलाएर नै व्याख्या गरिएको छ। पुरानो करारमा होस् वा नयाँ करारमा होस् गोठालोलाई प्रभुको प्रतिकको रूपमा लिएको पाइन्छ। यसमा प्रभु परिवर्तन

हुनुहुन्न भनेर पनि अचम्मतरिकाले उहाँको चित्रण गरेको पाइन्छ। यस अंशमा हामीले भजन २३लाई अलिकति नियालेर हेर्नेछौं। तर त्यो भन्दा अघि बाइबलका विभिन्न लेखकहरूले बाइबलभरि भएका गोठालारूपि प्रभुको बारेमा कसरी चित्रण गरिएको छ सो केही हदमा हेर्नेछौं। अरूहरू होइन तर प्रभु हाम्रो गोठाला हुनुहुन्छ भन्ने आत्मज्ञान प्राप्त गर्नु हाम्रो आत्मिक हितको निम्ति जरुरी ठान्नु आवश्यक छ।

**देहायका विभिन्न पदहरूमा गोठालोको बारेमा चित्रण गरिएका छन्। तिनीहरूबाट हामी के सिक्न सक्दछौं? हेर्नुहोस्:**

१. <u>यशैया ४०:९-११</u> **"हे, सियोनलाई शुभ समाचार सुनाउने हो, तिमी अग्लो पर्वतमा जाऊ। यरूशलेमलाई शुभ समाचार सुनाउने हो, जोरसँग तिम्रो सोर उचाल, सोर उचाल, नडराऊ। यहूदाका नगरहरूलाई भन, "हेर, तिमीहरूका परमेश्वर यहीं हुनुहुन्छ!" हेर, परमप्रभु परमेश्वर पराक्रमसाथ आउँदैहुनुहुन्छ, र उहाँको हातले शासन गर्नुहुन्छ। हेर, उहाँको इनाम उहाँसितै छ, र उहाँको प्रतिफल उहाँकै साथमा छ। उहाँले आफ्नो बगाललाई गोठालाले झैं चराउनुहुन्छ। उहाँले थुमाहरूलाई आफ्नै अँगालोमा लिनुहुन्छ, र तिनीहरूलाई आफ्नै हृदयको नजिक बोक्नुहुन्छ। उहाँले स-साना बच्चा भएकालाई चाहिँ बिस्तार-बिस्तार डोऱ्याउनुहुन्छ।"**

२. <u>यर्मिया २३:१-४</u> **"परमप्रभु घोषणा गर्नुहुन्छ, "मेरो खर्कका भेड़ाहरूलाई नष्ट गर्ने र छरपष्ट पार्ने गोठालाहरूलाई धिक्कार!" यसैकारण आफ्नो प्रजालाई चराउने गोठालाहरूका विषयमा परमप्रभु इस्राएलका परमेश्वर यसो भन्नुहुन्छ: "तिमीहरूले मेरो बगाललाई छरपष्ट पाऱ्यौ र तिमीहरूले तिनीहरूलाई धपायौ, र तिनीहरूको हेरचाह गरेनौ। यसैकारण तिमीहरूको दुष्ट कामको निम्ति म तिमीहरूलाई दण्ड दिनेछु," परमप्रभु भन्नुहुन्छ। "मेरा बगालका बाँचेकाहरूलाई मैले तिनीहरूलाई धपाएका सबै देशहरूबाट जम्मा गरेर म आफै तिनीहरूलाई तिनीहरूको खर्कमा फर्काइल्याउनेछु, जहाँ तिनीहरू फलवन्त हुनेछन्, र संख्यामा तिनीहरूको वृद्धि हुनेछ। म तिनीहरूमाथि गोठालाहरू खटाउनेछु, जसले तिनीहरूलाई चराउनेछन्, र तिनीहरू न त डराउनेछन्, न तर्सनेछन्, न तिनीहरूमध्ये कुनै हराउनेछ," परमप्रभु भन्नुहुन्छ।"**

३. <u>इजकिएल ३४:१-२४</u> **"परमप्रभुको यो वचन मकहाँ आयो: "हे मानिसको छोरो, इस्राएलका गोठालाहरूका विरुद्धमा यो अगमवाणी तिनीहरूलाई**

कहेर भन्: परमप्रभु परमेश्वर यसो भन्नुहुन्छः 'धिक्कार, इस्राएलका गोठालाहरूलाई, जसले आफ्नै मात्र वास्ता गर्दछन्! के गोठालाले भेड़ाहरूको वास्ता गर्नुपर्ने होइन र? ३ तिमीहरू दही खान्छौ, ऊनको वस्त्र लगाउँछौ, मोटा-मोटा पशुहरू मार्छौ, तर बगाललाई चाहिँ तिमीहरू वास्तै गर्दैनौ। तिमीहरूले दुर्बललाई बलिया पारेका छैनौ, बिरामीलाई निको पारेका छैनौ, घाइतेलाई मलहमपट्टी लगाइदिएका छैनौ। तिमीहरू बाटो बिराएकालाई बाटोमा ल्याएका छैनौ, हराएकालाई खोजेका छैनौ। तिमीहरूले तिनीहरूलाई निर्दयता र कठोरतासाथ शासन गरेका छौ। यसैले तिनीहरू छरपष्ट भए, किनकि तिनीहरूको गोठालो नै थिएन। जब तिनीहरू छरपष्ट भए, तब तिनीहरू जङ्गली जनावरका शिकार भए। मेरा भेड़ाहरू बाटो बिराएर पहाड़हरू र हरेक अल्गो डाँड़ामा गए। तिनीहरू सारा पृथ्वीभरि नै छरपष्ट भए, र कसैले तिनीहरूको खोजी अथवा सोधपूछ गरेन। " 'यसकारण हे गोठालाहरू हो, परमप्रभुको वचन सुनः परमप्रभु परमेश्वर भन्नुहुन्छ, जस्तो म जीवित छु, गोठाला नभएका कारण मेरो बगाल लुटिएर जङ्गली जनावरहरूको आहारा भएको छ। किनभने मेरा गोठालाहरूले मेरा बगालको खोजी गरेनन्, र भेड़ाहरूको त होइन, तर आफ्नै मात्र वास्ता गरे। यसैकारण हे गोठालाहरू हो, परमप्रभुको वचन सुनः परमप्रभु परमेश्वर यसो भन्नुहुन्छः म गोठालाहरूका विरुद्धमा छु, र तिनीहरूले मेरो बगालको लेखा दिनुपर्नेछ। म ती गोठालाहरूलाई बगालको हेरचाह गर्नदेखि हटाइदिनेछु, ताकि गोठालाहरूले अब आफैलाई पोस्याउन नपाऊन्। म तिमीहरूका मुखबाट मेरा बगाललाई बचाउनेछु, र मेरा भेड़ाहरू तिनीहरूका निम्ति भोजन हुनेछैनन्।

" 'किनभने परमप्रभु परमेश्वर यसो भन्नुहुन्छः अब म आफैले मेरा भेड़ाहरूको खोजी गरेर तिनीहरूको हेरचाह गर्नेछु। जसरी आफ्नो बगाल यताउता छरपष्ट हुँदा गोठालाले भेड़ाहरूलाई खोज्न जान्छ, त्यसरी नै म मेरा भेड़ाहरूलाई खोज्नेछु। अँध्यारो धुम्मिएको दिनमा छरपष्ट भएका सबै ठाउँहरूबाट म तिनीहरूलाई बचाउनेछु। म तिनीहरूलाई जाति-जातिहरूबाट निकालेर ल्याउनेछु, र देश-देशबाट भेला गर्नेछु। म तिनीहरूलाई तिनीहरूको आफ्नै देशमा ल्याउनेछु। म तिनीहरूलाई इस्राएलका पहाड़हरूमा, त्यसका खोल्साहरूमा र देशका सबै बस्तीहरूमा चराउनेछु। म तिनीहरूलाई राम्रो चरनमा चराउनेछु, र इस्राएलका अल्गा-

अल्गा पहाड़हरू तिनीहरूका खर्क हुनेछन्। त्यहाँ तिनीहरू असल खर्कमा पल्टिबस्नेछन्, र इस्राएलका पहाड़हरूमा असल चरनमा तिनीहरू चर्न पाउनेछन्। म आफै मेरा भेड़ाहरूको हेरचाह गर्नेछु, र तिनीहरूलाई त्यहाँ सुताउनेछु, परमप्रभु परमेश्वर भन्नुहुन्छ। हराएकालाई म खोज्नेछु, बाटो बिराएकालाई फेला पारेर म ल्याउनेछु। घाइतेलाई म मलहमपट्टी लगाइदिनेछु, निर्बललाई बलियो पार्नेछु। तर मोटा, ताजा र बलियाहरूलाई म नष्ट पार्नेछु। बगालको हेरचाह न्यायसित गर्ने गोठालो म हुनेछु। " 'हे मेरो बगाल, तिमीहरूलाई चाहिँ परमप्रभु परमेश्वर यसो भन्नुहुन्छः म एउटा भेड़ा र अर्को भेड़ाको बीचमा, र भेड़ाहरू र बाख्राहरूका बीचमा न्याय गर्नेछु! के असल चरनमा चर्न पाएर पनि तिमीहरूलाई पुगेन? किन तिमीहरू बाँकी चरनलाई तिमीहरूका खुट्टाले कुल्चन्छौ? के स्वच्छ पानीले तिमीहरूलाई पुगेन? किन तिमीहरू अरू पानीलाई खुट्टाले हिलै-हिलो बनाउँछौ? के मेरो बगालले तिमीहरूले कुल्चेको चरन चर्ने, र तिमीहरूले खुट्टाले हिलै-हिलो बनाएको पानी पिउने? " 'यसकारण परमप्रभु परमेश्वर यसो भन्नुहुन्छः 'हेर, म आफै मोटा-मोटा र दुब्ला-दुब्ला भेड़ाहरूका बीचमा न्याय गर्नेछु। किनभने तिमीहरूले त दुब्लाहरूलाई कुमले घचेट्दै, सीङले हान्दै, तिनीहरूलाई धपाइरहेछौ, र छरपष्ट पारिरहेछौ। म मेरो छरपष्ट भएको बगाललाई बचाउनेछु, र तिनीहरू फेरि कहिल्यै लुटिनेछैनन्। म भेड़ा-भेड़ाको बीचमा न्याय गर्नेछु। म तिनीहरूको एउटै गोठालो हुनलाई मेरो दास दाऊदलाई नियुक्त गर्नेछु। त्यसले तिनीहरूको हेरचाह गर्नेछ, त्यो तिनीहरूको गोठालो हुनेछ। म परमप्रभु, तिमीहरूका परमेश्वर हुनेछु, र मेरो दास दाऊदचाहिँ तिनीहरूका माझमा राजकुमार हुनेछ। म परमप्रभुले यो भनेको हुँ, " (इजकिएल ३४:१-२४)।

४. <u>यूहन्ना १०:१-१८</u> " "साँच्चै, म तिमीहरूलाई भन्दछु, जो भेड़ा-गोठको ढोकाबाट भित्र पस्दैन, तर अर्कोपट्टिबाट चढ़ेर पस्छ, त्योचाहिँ चोर र डाँकू हो, तर ढोकाबाट भित्र पस्नेचाहिँ भेड़ाको गोठालो हो। ढोकेले उसको लागि ढोका खोलिदिन्छ, र भेड़ाहरूले उसको सोर सुन्छन्, र उसले आफ्ना भेड़ाहरूलाई नाउँ काढ़ी-काढ़ी बोलाउँछ, अनि तिनीहरूलाई बाहिर लैजान्छ। जब उसले आफ्ना सबै भेड़ाहरूलाई बाहिर निकालिसक्छ, ऊ तिनीहरूका अगिअगि हिँड्छ, र भेड़ाहरूले उसलाई पछ्याउँछन्, किनभने तिनीहरूले उसको सोर चिन्छन्। तर अपरिचित व्यक्तिलाई तिनीहरू

पछ्याउँदैनन्, तर त्यसदेखि भाग्नेछन्। किनभने अपरिचित व्यक्तिको सोर तिनीहरूले चिन्दैनन्।" येशूले तिनीहरूलाई यो दृष्टान्त भन्नुभयो, तर उहाँले तिनीहरूलाई भन्नुभएको कुरा तिनीहरूले बुझेनन्। यसकारण येशूले फेरि तिनीहरूलाई भन्नुभयो, "साँच्चै, म तिमीहरूलाई भन्दछु, भेड़ाहरूको ढोका मै हुँ। मभन्दा अघि आउने सबै चोर र डाँकूहरू हुन्, तर भेड़ाहरूले तिनीहरूका कुरा सुनेनन्। ढोका म नै हुँ, यदि कोही मानिस मबाट भित्र पस्यो भने त्यो बचाइनेछ, र भित्र-बाहिर आउने-जाने गर्नेछ, र खर्कमा चर्न पाउनेछ। "चोर त चोर्न, मार्न र नाश पार्न मात्र आउँछ। म त तिनीहरूले जीवन पाऊन्, र त्यो प्रशस्त मात्रामा पाऊन् भन्ने हेतुले आएँ। म असल गोठालो हुँ। असल गोठालाले आफ्ना भेड़ाहरूका निम्ति आफ्नो प्राण अर्पण गर्छ। भाडाको मान्छेचाहिँ भेड़ाहरूको आफ्नै गोठालोजस्तो होइन। त्यसले त ब्वाँसालाई आएको देखेर भेड़ाहरूलाई छोडी त्यो भाग्छ, र ब्वाँसाले भेड़ाहरूलाई गाँजी लैजान्छ, र तितरबितर पारिदिन्छ। त्यो भाग्छ, किनभने त्यो भाडाको मान्छे हो, त्यसले भेड़ाको केही वास्ता गर्दैन। "म असल गोठालो हुँ, म आफ्ना भेड़ाहरूलाई चिन्छु, अनि मेरा भेड़ाहरूले मलाई चिन्छन्। जसरी पिताले मलाई चिन्नुहुन्छ, म पितालाई चिन्छु, अनि म भेड़ाहरूका लागि आफ्नो प्राण अर्पण दिन्छु। "मेरा अरू भेड़ा छन्, जो यस गोठका होइनन्। तिनीहरूलाई पनि मैले ल्याउनुपरेको छ, र तिनीहरूले मेरो सोर सुन्नेछन्, र तिनीहरू एउटै बगाल हुनेछन्, र एउटै गोठालो हुनेछ। पिताले मलाई यसैकारण प्रेम गर्नुहुन्छ, किनकि म आफ्नो प्राण फेरि फिर्ता लिने हेतुले अर्पण गर्छु। कसैले मबाट मेरो प्राण लिन सक्दैन, तर म आफ्नै इच्छाले आफ्नो प्राण अर्पण गर्दछु। आफ्नो प्राण अर्पण गर्ने अधिकार मसित छ, अनि फेरि लिने अधिकार पनि मसित छ। यो आज्ञा मैले मेरा पिताबाट पाएको छु।"

१ पत्रुस २:२१-२५ "किनकि यसैको निम्ति तिमीहरू बोलाइएका हौ। ख्रीष्टले पनि तिमीहरूका निम्ति कष्ट भोग्नुभयो, अनि तिमीहरूका लागि एउटा उदाहरण छोडिजानुभयो, र तिमीहरू उहाँकै पाइलामा हिँड्नुपर्छ। "उहाँले कुनै पाप गर्नुभएन, र उहाँको मुखमा कुनै छलको कुरा पाइएन।" तिनीहरूले उहाँलाई अपमान गर्दा उहाँले साटो फेर्नुभएन। दुःख भोग्नुहुँदा उहाँले धम्की दिनुभएन। तर उचित न्याय गर्नुहुनेमाथि उहाँले भरोसा राख्नुभयो। हामी पापका लेखि मरेर

धार्मिकताको लेखि जिऔं भनी उहाँले क्रूसमा आफ्नै शरीरमा हाम्रा पाप बोक्नुभयो। उहाँकै चोटहरूद्वारा तिमीहरू निको भयौ। किनभने तिमीहरू भेड़ाहरूझैं बरालिरहेका थियौ, तर अब तिमीहरूका आत्माको गोठाला र संरक्षककहाँ फर्किआएका छौ।"

हामी भजन २३ हेरौं। माथिका भावनाहरूलाई पुष्टि गर्न गोठालाले आफ्ना बगाललाई कसरी स्याहार गर्छन्? हेर्नुहोस्ः भजन २३ः२ "उहाँले मलाई हरियो खर्कमा लेटाउनुहुन्छ, र मलाई शान्त पानीको छेउमा डोऱ्याउनुहुन्छ।"

भजन २३ः३ "उहाँले मेरो प्राणलाई पुनर्जीवित पार्नुहुन्छ वा अहिले नै पुनर्जीवनको प्रत्याभूति दिनुहुन्छ। उहाँले आफ्नो नाउँको खातिर मलाई धार्मिकताको मार्गमा वा कुन बाटोमा हिँड्ने हो सोतिरडोऱ्याउनुहुन्छ।"

भजन २३ः४ "मृत्युको अन्धकारमय घाटी भएर जानुपरे तापनि म कुनै खतरादेखि डराउनेछैनँ, किनकि तपाईं मेरो साथमा हुनुहुन्छ। तपाईंको लट्ठी र तपाईंको लहुरोले मलाई सान्त्वना दिन्छन्।"

भजनसंग्रह २३ः५ "मेरा शत्रुहरूका सामुन्ने तपाईंले मेरो निम्ति भोज तयार पार्नुहुन्छ। तपाईंले मेरो शिर तेलले अभिषेक गर्नुहुन्छ, मेरो कचौरो भरिएर पोखिन्छ।

भजनसंग्रह २३ः६ "निश्चय नै तपाईंको भलाइ र करुणा मेरो जीवनभरि मपछि लाग्नेछ, र परमप्रभुको घरमा म सदासर्वदै वास गर्नेछु।"

गोठालारूपि परमप्रुभले तपाईँलाई हेरचाह गरिरहुनभएको छ र वास्ता गरिरहनुभएको छ भन्ने अवधारणा वा आत्मिक ज्ञान तपाईंको निम्ति कस्तो अर्थ तथा भेदपूर्ण छ? विभिन्न संघर्ष, कठिन परिस्थितिको सामना गरिरहेका, मानौं परमप्रभु नै तिनीहरूको जीवनबाट बिलाएर गरिरहेकाछन् भन्ने भयाभव अनुभव गरिरहनेहरूलाई यस भजनमा लेखिएको परमप्रभुको चित्रणलाई सुनाएर कसरी उत्साह दिन प्रयोग गर्न सक्नुहुन्छ?

## २. यात्रा गरिने स्थान वा बाटोघाटोहरू

"उहाँले आफ्नो महिमा र नाउँको निम्ति मलाई धार्मिकताको मार्गमा डोऱ्याउनुहुन्छ," (भजनसंग्रह २३ः३ रूपान्तरित)।

धार्मिकताका बाटोहरू (भजन २३ः३) तपाईंको सामु टाढासम्म फैलिरहेको कल्पना गर्नुहोस् । तिनीहरूको अन्त पनि तपाईंले तत्काल नदेख्नुहोला। तपाईंको यात्राको अन्तमा तपाईं आफ्नै घर आइ पुग्नु हुनेछ, त्यो घर परमप्रभुको घर हो। कहिलेकाहीं तपाईं हिँडिरहनुभएको बाटो धमिल्यै

भएतापनि त्यस बाटोले तपाईंलाई कतातिर लगिरहेको छ के त्यो तपाईंले महसुस गर्न सक्नुहुन्छ? कुनै ठाउँहरू समथर र सजिलै होला तर कतिपय बाटोघाटोहरूमा काँडा, ढुङ्गेनी, सिस्नो झार, डरलाग्दो खाल्दा खुल्दीहरू भएको तपाईं पाउनुहुन्छ। कतिपय समयमा त बाटो पनि पहाडको टुप्पोमा बिलाएर गएको तपाईं पाउनुहुन्छ। कुनै बाटोमा हिंड्न सजिलो होला भने कुनै कठिन पनि हुन्छ। जब इस्राएलीहरू प्रतिज्ञा गरिएको देशमा यात्रा गर्दै थिए तब तिनीहरू त्यस्तै खालको भूमिमा यात्रा गरेका थिए। यस भजनमा पनि त्यही खालका बाटोहरूको वयान गरेको छ।

**परमेश्वरको घरमा जान धार्मिकताको बाटोहरू भएर दाउद जानु पर्ने अनुभव भजन २३मा भेंडाहरू जाने बाटोसँग उनले तुलना गरेका थिए। ती बाटोहरू कस्ता थिए पहिचान गर्नुहोस्।**

**"परमप्रभु मेरा गोठाला हुनुहुन्छ, मलाई केही कुराको अभाव हुँदैन। उहाँले मलाई हरियो चौर वा खर्कमा लेटाउनुहुन्छ, र मलाई शान्त पानीको छेउमा डोऱ्याउनुहुन्छ। उहाँले मेरो प्राणलाई पुनर्जीवित पार्नुहुन्छ। उहाँले आफ्नो नाउँको खातिर मलाई धार्मिकताको मार्गमा डोऱ्याउनुहुन्छ। मृत्युको अन्धकारमय घाटी भएर जानुपरे तापनि**

**म कुनै खतरादेखि डराउनेछैनँ, किनकि तपाईं मेरो साथमा हुनुहुन्छ। तपाईंको लट्ठी र तपाईंको लहुरोले मलाई सान्त्वना दिन्छन्। मेरा शत्रुहरूका सामुन्ने तपाईंले मेरो निम्ति भोज तयार पार्नुहुन्छ। तपाईंले मेरो शिर तेलले अभिषेक गर्नुहुन्छ, मेरो कचौरो भरिएर पोखिन्छ। निश्चय नै तपाईंको भलाइ र करुणा मेरो जीवनभरि मपछि लाग्नेछ, र परमप्रभुको घरमा म सदासर्वदै वास गर्नेछु" (भजनसंग्रह २३)।**

तर ती बाटोहरू किन धार्मिकता, आदर्श वा ठिक छन् भनेर लेखकले पहिल्याउँछन्। त्यसका चार कारणहरू छन्। पहिलो, तिनीहरू धार्मिकता, असल र ठिक बाटोहरू हुन् किनकि तिनीहरूले ठिक गन्तव्य स्थानमा पुऱ्याउँछन्। त्यो हो गोठालाको घरमा। दोस्रो, तिनीहरू ठिक बाटोहरू हुन् किनभने तिनीहरूले ठिक व्यक्तिसँग तालमेल गरेर हामीलाई डोऱ्याउँछन्। त्यो व्यक्ति हाम्रो गोठालो प्रभु आफै हुनुहुन्छ। तेस्रो, तिनीहरू ठिक, असल र आदर्श बाटोहरू हुन् किनभने तिनीहरूले हामीलाई गोठालो प्रभु जस्तै ठिक हुन तालिम दिइरहेका हुन्छन्। चौथोमा, तिनीहरू ठिक बाटोहरू हुन् किनभने तिनीहरूले हाम्रो सत्य गवाहीको जीवनलाई अनुमोदन गरिरहेको हुन्छ। जब

हामी उहाँका जनहरू हुन्छौ तब हामी उहाँको महिमा गर्दछौं। चाहे ती बाटोहरू सजिलो होस्, साँघुरो होस्, कठिन होस्, तिनीहरू ठिक, असल, धार्मिक बाटोहरू हुन्।

जब परमप्रभुले हामीलाई डोऱ्याउनुहुन्छ तब गन्तव्य स्थानमा पुगेपछि हामीलाई चाहेको पोको उहाँले दिने होइन भन्ने कुराको महसुस गर्नु जरुरी छ। हामीलाई अगुवाइ र सुरक्षा दिनेभन्दा बढि महत्त्व छन्। बाइबलभरि परमप्रभुले आफ्ना जनहरूलाई अगुवाइ गर्नुभएको हामी पढ्न सक्छौं। तिनीहरूमा अब्राहम, याकूब, जोसेफ, मोशा आदि हुन्। इस्रायलीहरूको मरुभूमि यात्रामा तिनीहरूले रातमा आगो र दिनमा बादलले अगुवाइ गरेका थिए। तर जे भएतापनि परमप्रभुले नै तिनीहरूलाई अगुवाइ गरिरहुनभएको थियो। आफ्ना जनहरू कुन धार्मिक, निर्दोष, शुद्ध, असल, ठिक बाटोमा हिंड्ने गर्छन् त्यसबेला उहाँले तिनीहरूलाई निरन्तररूपमा धार्मिकतामा तालिम दिइरहनुभएको हुन्छ।

**तपाईको जीवनमा प्रभु गोठालोको प्राथमिकता भनेकै तपाईंलाई धार्मिकताको बाटोमा डोऱ्याउने हो। यस मामिलामा तपाईं कतिको विवेकशील हुनुभएकोछ? तपाईंमा भएका कठिन, दुःखकष्ट र पीडाले तपाईंको जीवनलाई कसरी परिवर्तन गर्न सक्नुहुन्छ जसले गर्दा तपाईंको चरित्र, चाल, मिजास र स्वभावबाट येशू प्रतिबिम्बित भइरहनसकोस्?**

## ३. अपेक्षा नगरिएको घुमाउरो बाटो १ः उपत्यका

**"मृत्युको अन्धकारमय घाटी भएर जानुपरेतापनि म कुनै खतरादेखि डराउनेछैनँ, किनकि तपाईं मेरो साथमा हुनुहुन्छ। तपाईंको लट्ठी र तपाईंको लहुरोले मलाई सान्त्वना दिन्छन्" (भजनसंग्रह २३ः४)।**

कतिपय मानिसहरू सबै कुरा ठिक ठिक हुनेछ, आफूले चाहेका आकाँक्षा पूरा हुनेछ, अब मैले येशूलाई विश्वास गरेको छु, मलाई कुनै कुराको घटी, कमि र बर्वाद सहनुपर्नेछैन भन्ने अपेक्षा लिएर उहाँलाई विश्वास गर्छन्, जोशिलो भएर बप्तिस्मा लिएर चर्चमा सक्रिय हुन अघि बढ्नछन्। सबैको निम्ति ती व्यक्तिहरू आदरणीय र सम्माननीय तथा उदाहरणनीय पनि हुनसक्छन्। कतिपय समयमा तिनीहरूको जीवन सुमधुर चालले चल्दा, सबै बाटोहरू हराभरा चौर तथा फूलहरूले र मनमोहक नदीहरूको किनारमा हिंडेको जस्तै देखिन्छ होला। तर आस्था, विश्वासको जीवन सधैं त्यस्तो हुन्छ भन्नेछैन भनेर दाउदले जीवनको तितो सत्यलाई खुलारूपमा चित्रण गरेका छन्। हामीले हिंड्ने जीवनको उपत्यकामा मृत्यु, खतराका भ्वाङ्ग परेका

भौगोलिक बनावटहरूको पनि हामी नचाहँदा नचाहँदै पनि हिँड्नुपरिरहेको हुन्छ। येशूलाई विश्वास गर्यो भन्दैमा त्यस्ता कठिन र खतराको बाटोमा हिँड्न को चाहन्छन् र? इस्राएलका नदी नालाहरूमा कतिपय समयमा बाढि पहिरो आउँछन्। मानिसले अपेक्षा नै नगरिएको बेलामा घर खेतहरू पनि तिनीहरूले बगाएर लगिएको हुन्छ। कतिपय ठाउँहरू ती भौगोलिक बनावटहरू साँधुरो र ठाडो भिरालो हुन्छन्। तिनीहरू अन्धकार पनि हुन्छन्। त्यसकारण प्रभुभक्तको जीवनमा हिँड्नुपर्ने बाटोहरू मृत्युका छायाँहरू हुन्छन् भनेर दाउदले चित्रण गर्दा धेरै गहिरो छायाँ वा अन्धकारको जीवनको पनि सामना गर्न वाध्य हुनुपरेको हुन्छ भन्ने कुरालाई उनले लुकाउँदैन।

**तपाईंको आफ्नै जीवनमा जोखिमपूर्ण मृत्युको छायाँको उपत्यकामा जानुपरेका यादहरू सम्झनुहोस्। त्यो घुमाउरो र जोखिमपूर्ण जीवन कस्तो थियो? प्रभु तपाईंको गोठालाको रूपमा तपाईंको साथमा रहेतापनि के तपाईंमा केही डर, त्रास, असुविधा र सकस परिस्थितिको अनुभव गर्नुभएको थियो कि? यस्तो विषम् परिस्थितिमा बाइबलका कुन पदहरू तपाईंको दिमागमा आएका थिए र तिनीहरू तपाईंको मर्ममा झुण्डिरहेका थिए? ती पदहरू तपाईंको निम्ति अनमोल अचुक अस्त्र भएर कसरी बसेका थिए?**

**त्यस खतरात्मक उपत्यकामा भेँडा कसरी पऱ्यो होला? के त्यस भेँडा आफ्नै चाहनाले गएको थियो वा गोठाला आफैले उसलाई त्यसतिर डोऱ्याएको थियो? अर्थात् के तपाईंलाई जानाजानी प्रभु गोठालोले नै त्यस जोखिमबाटमा लानुभएको थियो कि? उचित जवाफ दिनुहोस्।**

इलिजावेथ इलियोट जो बेल्जियमका इसाई लेखक हुनुहुन्थ्यो। सन् १९५६मा आफ्नो श्रीमान सुसमाचार प्रचार गर्ने काममा दक्षिण अमेरिकाको स्थानीय वासिन्दाले हत्या गरेका थिए। इलिजाबेथले यसरी लेख्छि, "कतिपय समयमा मृत्युको छायाँमा परेको थुमाले आफूलाई गलत बाटोमा ल्याएको भनेर सोच्दछ। तर डर, अन्धकार र त्रासबाट आफू अलगिनेछु भन्ने ज्ञान पाउन त्यस जोखिमपूर्ण बाटोमा हिँड्नु जरुरी थियो। त्यसबेला गोठालो उसँगै हुन्छ।" *क्वेस्ट फर द लभ* (ग्राण्ड, मिशिगन, रिभे, १९९६), पृ. २१८बाट रूपान्तरित।

**कतिपय समयमा तपाईंलाई झुक्याएर गलतबाटोमा लगिरहेको अनुभव गर्नुभएको छ? यस्तो समयमा प्रभुप्रति तपाईंको जवाफदेहि कस्तो थियो? त्यस्तो जोखिम अवस्थामा तपाईंलाई लैजान्दा गोठालो आफै पनि तपाईंलाई गलत**

**बाटोमा लगिरहनुभएको छ भनेर गलत सोचमा हामीलाई पार्न कदम चाल्नुभएको होकि के तपाईंले सोच्नुभएको छ?**

## ४. घुमाउरो बाटो २: टेबुलको वरिपरि

**"मेरा शत्रुहरूका सामुन्ने तपाईंले मेरो निम्ति भोज तयार पार्नुहुन्छ। तपाईंले मेरो शिर तेलले अभिषेक गर्नुहुन्छ, मेरो कचौरो भरिएर पोखिन्छ" (भजनसंग्रह २३:५)।**

हामी जतिसुकै असल भएतापनि, असल नै हुन खोजेतापनि, कसैको हानी नोक्सान गर्न नचाहेतापनि, कसैको कुभलो नहोस् सबैको भलो र कल्याण होस् भन्ने मनस्थिति हामी लागेतापनि जीवनको बाटाघाटोमा यस्ता मानिसहरूसँग टक्कर लिन पुगिरहेको हुन्छ जसले हाम्रो मुख पनि हेर्न चाहँदैन वा हाम्रा शत्रुहरू। तिनीहरूको अगाडि हामी अन्धकार भएर खडा भइरहेका हुन्छौं। हामीले तिनीहरूलाई शत्रु नठानेतापनि तिनीहरूले हामीलाई शत्रु ठान्दछन् र आँखाको छारो पनि हामी भइरहेका हुन्छौं। यस्तो तितो सत्यसँग कसरी कारोबार गर्ने? तपाईंको इज्जत, काम, चरित्र र गलत मूल्याङ्कन गर्ने, हानी नोक्सान गर्ने, दुःख दिन र नाशै गर्न खोज्नेहरूलाई कसरी बदला लिने भनेर के तपाईं कतिपय रातम छटपटाउनुहुन्छ? विशेष गरेर कतिपय समयमा इसाईहरू नै शत्रु भएर हाम्रो बिनाश चाहन्छ अरूको त कुरै छोडौं। येशूलाई विश्वास त गर्ने तर यस्तो शत्रु वा प्रतिद्वन्दीहरूलाई कसरी सम्हाल्ने भन्ने कुरा कतिपयसमयमा कठिन त हुन्छ नै।

**तपाईंको जीवनमा कस्ता खालका शत्रुहरू छन्? तपाईंलाई तल झारेर आफ्नो भाऊ खोज्ने, पद सम्मानको निम्ति तानातान गर्ने के तपाईंकै साथीभाइहरूमा छन् त? तिनीहरूलाई तपाईंले जति माया गरेपनि, तिनीहरूको हित तपाईंले जति खोजेतापनि र तिनीहरूलाई तपाईंले जति वास्ता गरेतापनि तिनीहरूको आफ्नो भाऊ खोज्ने प्रवृत्तिले तपाईंलाई दुःख दिइरहेका हुन्छन् र तपाईंसँग सम्पर्क राख्न नैतिक जिम्मेवारी पनि ठान्दैनन्। गैर इसाई जगतमामात्र होइन, इसाई जगतमा पनि यो तितो सत्य असाध्यै प्रचलित भएको हामी पाउँछौं। यस्तो बिषम परिस्थितिमा येशू र पावलका वचनहरूलाई आत्मसात् राखेर विश्वासमा कसरी अटल भएर बस्ने? हेर्नुहोस्:**

**मत्ती ५: ४३-४८ "तिमीहरूले यसो भनेको सुनेका छौ, 'तिम्रो छिमेकीलाई प्रेम गर, र तिम्रो शत्रुलाई घृणा गर।' तर म तिमीहरूलाई भन्दछु, आफ्ना शत्रुहरूलाई प्रेम गर, र तिमीहरूलाई सताउनेहरूका निम्ति प्रार्थना गर, र**

तिमीहरू स्वर्गमा हुनुहुने आफ्ना पिताका छोराहरू हुनेछौ। उहाँले दुष्ट र सज्जन दुवैलाई सूर्यको ताप दिनुहुन्छ, र धर्मी र पापी दुवैलाई वृष्टि दिनुहुन्छ। किनभने यदि तिमीहरूसँग प्रेम गर्नेहरूलाई मात्र प्रेम गर्दछौ भने तिमीहरूलाई के इनाम छ? के महसूल उठाउनेहरूले पनि त्यसै गर्दैनन् र? तिमीहरूले आफ्ना दाजुभाइहरूलाई मात्र अभिवादन गर्छौ भने अरूहरूले भन्दा बढ़ी के गर्‍यौ र? के अन्यजातिहरूले पनि त्यसै गर्दैनन् र? यसकारण जस्तो तिमीहरूका स्वर्गमा हुनुहुने पिता सिद्ध हुनुहुन्छ, तिमीहरू पनि त्यस्तै सिद्ध हुनुपर्दछ।"

रोमी १२:९-२१, " प्रेम निष्कपट होस्। जुन कुरा खराब छ, त्यसलाई घृणा गर। जुन कुरा असल छ, त्यसमा लागिरहो। भातृ-प्रेमसँग एकअर्कालाई प्रेम गर। आफूलाई भन्दा बढ़ी अरूलाई आदर गर। जोशमा पछि नहट। पवित्र आत्मामा प्रज्वलित होओ, प्रभुको सेवा गर्दैरहो। आफ्नो आशामा आनन्द गर, सङ्कष्टमा धैर्य धारण गर, प्रार्थनामा निरन्तर लागिरहो। सन्तहरूको खाँचोमा सहायता देओ, अतिथिसत्कार कायम राख।

तिमीहरूको खेदो गर्नेहरूलाई आशीर्वाद देओ, नसराप। आनन्द गर्नेहरूसँग आनन्द गर। रुनेहरूसँग रोओ। एक-अर्कासँग मिलेर बस, अभिमानी नहोओ, तर नम्रहरूसँग सङ्गत गर। कहिल्यै अहङ्कारी नहोओ। कसैलाई खराबको सट्टा खराब नगर। जुन कुरा सबै मानिसहरूका दृष्टिमा आदरणीय छ, तिनमा ध्यान देओ। हुन सक्छ भने, सकेसम्म सबैसँग शान्तिमा बस। प्रिय हो, आफैले कहिल्यै बदला नलेओ, तर परमेश्वरको क्रोधमा छोडिदेओ। किनभने, लेखिएको छ, "बदला लिने काम मेरो हो, म नै बदला लिनेछु," परमप्रभु भन्नुहुन्छ। बरु, "तिम्रो शत्रु भोकाएको छ भने त्यसलाई खुवाओ, त्यो तिर्खाएको छ भने त्यसलाई पानी देओ। त्यसो गर्नाले तिमीले त्यसको टाउकोमा आगोको भुङ्ग्रो थुपार्नेछौ।" खराबीबाट पराजित नहोओ, तर खराबीलाई भलाइले जित।"

शत्रु, प्रतिद्वन्द्वी वा हामीलाई आँखाको छारो बनाउनेहरूसँग कसरी कारोबार गर्ने भनेर दाउदले रोचक तरिकाले भजन २३:५मा प्रस्तुत गरेका छन्। तिनीहरू कस्तो छन् तिनीहरूको समस्या तपाईंको होइन तर तपाईंको निम्ति प्रभुले के गरिरहनुभएको त्यसलाई मध्ये नजरमा राखेर हिंड्नुपर्दछ। दाउदले आँफ्नो आँखा परमेश्वरले भोज तयार पारिरहनुभएकोतिर थियो।

अतिथीहरू सत्कार गर्न दाउदको संस्कारमा चलन विशेष छ। कुनै सम्माननीय अतिथि पाहुना भएर आयो भने उसको शिरमा घरको मूलीले तेल लगाइ दिन्थ्यो। अनि उनलाई भोजको भवनमा सत्कार गर्दै लैजान्थ्यो। तेल

जैतुन र अत्तरले मिसिएको हुन्थ्यो। अनि त्यस पाहुना खानको अगाडि अत्यन्तै रमाएर खानसम्म खान सक्दथ्यो।

**हामी अन्धकार र जोखिम परिस्थितिमा गइरहनुपरेतापनि भजन २३:५ अनुसार तीवटा थोकहरू प्रभुले उपलब्ध गराउनुहुन्छ भनेर कसरी सम्झेर राख्ने? तिनीहरू टेबुल, तेल र कचौरा हुन्।**

यस संसारका भौतिक, शारीरिक, रगत, हाड र छाला मानिसहरूसँग हाम्रो शत्रुता होइन न त हुनुपर्छ भनेर पावलले यसरी हामीलाई बुझाउन खोज्छन्, "अब अन्त्यमा, प्रभुमा र उहाँका शक्तिको सामर्थ्यमा बलवान् होओ। दियाबलसका युक्तिहरूका विरुद्धमा खड़ा हुन सक्नलाई परमेश्वरका सारा हातहतियार धारण गर। किनकि हामीहरूको युद्ध शरीर र रगतको विरुद्ध होइन, तर प्रधानताहरूका विरुद्ध, शक्तिहरूका विरुद्ध, वर्तमान अन्धकारका सांसारिक शासकहरूका विरुद्ध र स्वर्गीय स्थानहरूमा भएका दुष्टयाइँका आत्मिक सेनाहरूका विरुद्ध हो। यसैकारण परमेश्वरका सारा हातहतियार उठाओ, र यसरी खराब दिनको सामना गर्न सक, र सबै काम गरेर खड़ा हुन सक्ने होओ। यसकारण आफ्ना कम्मर सत्यले कसेर, धार्मिकताको छाती-पाता लाएर खड़ा होओ, र खुट्टामा मिलापको सुसमाचारका जुत्ता लाएर तयार होओ। साथै विश्वासको ढाल उठाओ, जसबाट तिमीहरू दुष्टका सबै अग्निबाण निभाउन सक्नेछौ। मुक्तिको टोप लगाओ, र पवित्र आत्माको तरवार लेओ, जोचाहिँ परमेश्वरको वचन हो। सारा प्रार्थना र निवेदनसाथ सब समय पवित्र आत्मामा प्रार्थना गर। यस उद्देश्यले लगनशील र सतर्क भएर सबै सन्तहरूका निम्ति प्रार्थना गरिरहो" (एफिसी ६:१०-१८)। हामीले देखेका वा नदेखेका मानिसहरू हाम्रो शत्रु हुन सक्छन्। मन परेपनि मननपरेपनि तिनीहरू हाम्रा वरिपरि छरछिमेकी, वरपर अझ चर्चमै पनि हुनसक्छन्। यद्यपि, जब हामी गोठालोको साथमा हिंड्छौं तर देखेको वा नदेखेको शत्रु जो सुकै होस् प्रभुले उपलब्ध गराउनुभएको आशिषहरूबाट त्यसले लुटेर लाग्न सक्दैन।

**शत्रुहरूको माझमा वा तपाईंलाई तहसनहस गर्न चाहने इष्टमित्रहरू नै किन नहुन् त्यसबेला प्रभु तपाईंको सामु कस्तो गोठालो भएर उभिरहनुभएको अनुभव गर्नुभएको थियो कि, सोच्नुहोस्? ती परिस्थितिलाई मनन गर्दा जुनसुकै कठिन परिस्थिति वा समस्याहरू तपाईं भोग्न तपाईंमा खुबी वा कला हुनसक्छ। त्यसको निम्ति के प्रभुलाई धन्यवाद नदिने त?**

## ५. यात्राको निम्ति निश्चित प्रतिज्ञा

**"निश्चय नै तपाईंको भलाइ र करुणा मेरो जीवनभरि मपछि लाग्नेछ, र परमप्रभुको घरमा म सदासर्वदै रहनेछु," (भजन २३:६ रूपान्तरित)।**

**कतिपय** समयमा हाम्रा शत्रुहरू, हामीलाई हेप्ने, दवाउने, थिचोमिचो गर्ने र तिरस्कार गर्नेहरूको बीचमा हुँदा हामी एक्लै भएको महसुस गर्दछौं। हामी ठूला ठूला जमातहरूकै बीचमा किन नहुन् कतिपय रहनसहन आदिले गर्दा एक्लोपना महसुस गरेका हुन्छौं। सबै रमाहट झमघटमा एक्लो भएको पाउँदा प्रभुपनि हामीबाट टाढो नै भएको कतिपटक महसुस गर्दछौं। उहाँ हाम्रो साथमा हुनुहुन्छ भने त्यस्तो अवस्थामा हामी पुग्नु नपर्ने हो भनेर हामी खिन्न पनि हुन्छौं। तर त्यस परिस्थितिमा दाउद जो आत्मिक जीवनमा एक्लो जीवन बिताएका थिए, उनको हेर्ने दृष्टिकोण अत्यन्तै फरक थियो।

**दुःखकष्ट, कठिन र सतावट परिस्थितिमा पनि दाउदले के दुई कुराहरू आफू पक्का भएको आत्मसात् गरेका छन्? हेर्नुहोस् " निश्चय नै तपाईंको भलाइ र करुणा मेरो जीवनभरि मपछि लाग्नेछ, र परमप्रभुको घरमा म सदासर्वदै वास गर्नेछु," (भजनसंग्रह २३:६)। देहायका पदहरू पनि हेर्नुहोस्ः**

**एफिसी १:३-१४ "हाम्रा प्रभु येशू ख्रीष्टका परमेश्वर र पिताको प्रशंसा होस्, जसले हामीलाई स्वर्गीय स्थानहरूमा हरेक आत्मिक आशिष्ले ख्रीष्टमा आशीर्वाद दिनुभएको छ। उहाँको सामुन्ने पवित्र र निष्कलङ्क होऔं भनेर संसारको उत्पत्तिभन्दा अघिबाटै उहाँले हामीलाई चुन्नुभयो। उहाँको इच्छाको लक्ष्यअनुसार ख्रीष्ट येशूद्वारा प्रेममा उहाँले हामीलाई आफ्ना सन्तान हुनलाई अघिबाटै नियुक्त गर्नुभएको थियो, यस हेतुले कि उहाँले हामीलाई आफ्ना प्रिय पुत्रमा सित्तैंमा दिनुभएको आफ्नो महिमामय अनुग्रहको प्रशंसा होस्। उहाँको अपार अनुग्रहअनुसार ख्रीष्टको रगतद्वारा हामी उहाँमा उद्धार, हाम्रा पापको क्षमा, पाउँछौं, जुन अनुग्रह उहाँले हामीलाई प्रशस्त मात्रामा दिनुभयो। किनकि सम्पूर्ण बुद्धि र आन्तरिक समझमा ख्रीष्टमा राख्नुभएको उद्देश्यअनुसार उहाँले आफ्नो इच्छाको रहस्य हामीलाई जान्न दिनुभएको छ, ताकि समय पूरा भएपछि स्वर्ग र पृथ्वीमा भएका सबै थोकहरू ख्रीष्टको अधीनमा आऊन्। उहाँमा, जसले सबै कुरा आफ्नो इच्छाको योजनाअनुसार पूरा गर्नुहुन्छ, आफ्नो अभिप्रायअनुसार हामी ख्रीष्टमा पहिलेदेखि आशा राख्नेहरूलाई उहाँले आफ्नो महिमाको प्रशंसाको निम्ति जिउन सकौं भनेर उहाँमा नै नियुक्त गर्नुभएको छ र छान्नुभएको छ। तिमीहरू, जसले सत्यको वचन, अर्थात् आफ्नो मुक्तिको सुसमाचार सुन्यौ, र उहाँमा विश्वास**

**गर्‍यौ, उहाँमा नै तिमीहरूलाई प्रतिज्ञा गरिएका पवित्र आत्माको छाप लगाइएको थियो। परमेश्वरको आफ्नो सम्पत्ति, अर्थात् हामीहरूले हाम्रो पूर्ण उद्धार नपाएसम्म उहाँका महिमाको प्रशंसाको निम्ति पवित्र आत्मा हाम्रो उत्तराधिकारको बैना हुनुहुन्छ।"**

**२ पत्रुस १:१०-११ "यसैकारण भाइ हो, तिमीहरूको बोलावट र चुनाउ निश्चय गर्नलाई अझ जोशिला होओ, किनकि यी कुरा गर्नाले तिमीहरू कहिल्यै लोट्नेछैनौ। किनभने यसरी हाम्रा प्रभु र मुक्तिदाता येशू ख्रीष्टको अनन्त राज्यभित्र तिमीहरूलाई भव्य स्वागतसाथ प्रवेश मिल्नेछ।" हिब्रू ११:१३-१६ "प्रतिज्ञा गरिएको कुरा प्राप्त नगरी यिनीहरू सबै विश्वासैमा मरे, तर टाढैबाट त्यसलाई देखेर स्वागत गरी तिनीहरूले मानिलिए, कि तिनीहरू यस पृथ्वीमा परदेशी र प्रवासी थिए।यस्ता कुरा भन्ने मानिसहरूले आफ्नो निम्ति एउटा देश खोजिरहेका छन् भन्ने कुरा प्रष्ट हुन्छ। जुन देशबाट तिनीहरू निस्केर गएका थिए, यदि तिनीहरूले त्यही देशको विषयमा सोचेका भए तिनीहरूलाई फर्किजाने मौका मिल्ने थियो। तर तिनीहरू अझ उत्तम देश, अर्थात् एक स्वर्गीय देशको इच्छा गर्छन्। यसैकारण परमेश्वर तिनीहरूका परमेश्वर भनी पुकारिनु शर्माउनुहुन्न, किनभने उहाँले तिनीहरूका निम्ति एउटा सहर तयार पारिदिनुभएको छ।"**

प्रभुको कहिल्यै असफल नहुने प्रेम र भलाई मेरो जीवनभरि पछ्याउनेछ भनेर कतिपय अनुबादहरूमा उतारिएका छन्। ती त हामीप्रति प्रभुको प्रतिवद्धता नै हो। तर सुरुको क्रियापदमा ती पदहरू अझ जोडदिएर लेखिएको छ। प्रभुको भलाइ, सफल प्रेम र हित मेरो जीवनभरि पिछा गर्नेछन् र खोजिनै रहनेछन् भनेको छ।प्रभुले हाम्रो पिछा गर्ने हिब्रू भाषाको क्रियापद उत्पत्ती १४:१४, यहोशू १०:१९, र १ शमूएल २५:२९ स्पष्ट गरेको छ।

**प्रभुको हित, भलाइ, कहिल्यै असफल नहुने प्रेम र करुणा तपाईंलाई पछ्याउँदैछ भन्ने आत्मज्ञानले तपाईंको दिमागमा कस्तो चित्रण भइरहेको छ? त्यस किसिमको प्रभुको स्याहार र वास्ता हामीमा छ भनेर दाउदले भन्न खोजेको अर्थ के हो?**

जस्तोसुकै गहिरो र अन्धकारको बाटोमा हामी हिंड्नुपरेतापनि वा शत्रुहरूको निरन्तर प्रयासले हामीलाई नाश गर्न खोजेतापनि प्रभुको भलाइ र निरन्तर वा कहिल्यै असफल नहुने प्रेम हाम्रो जीवनको अन्तमा पछ्याइनै रहनेछन् भन्ने कुरामा कुनै प्रश्न नै छैन। यदि ती सोचहरूले येशूलाई

कलभरिमा नै सम्हाले भने त्यो हाम्रो निम्ति पनि हो भनेर आत्मसात् गर्नु जरुरी छ।

कतिपय समयमा हामीलाई स्याहार गर्नेहरूको नियतहरूमा प्रश्नहरू त उठ्न सक्दछन्। तर तिनीहरूलाई धार्मिक सिद्धान्त वा धार्मिक वादहरूले केलाएर प्रभुले के गर्न सक्नुहुन्छ भनेर मनमा खेलाउनु आवश्यक देखिन्दैन। तर दाउदले भजन २३:६मा उल्लेख गरेको अनुसार त्यहाँ लेखिका कुराहरूमा प्रतिवद्धता जनाइ रहनु, व्यक्तिगतरूमा त्यो हाम्रै लागि हो र सो अरूहरूलाई सुनाइ रहँदा हामीमा जोश जाँगर उब्जिरहेको हुन्छ। हाम्रो प्रभुको सत्यतालाई सुनाउनु हाम्रो जीवनमा नै उहाँप्रतिको सत्यतामा जग बसालिराख्नु हो।

**हाम्रो पछि उहाँको भलाइ र निरन्तर प्रेम लागिरहेको छ भन्ने प्रभुको बारेमा आत्मज्ञानको प्रमाण तपाईंकै जीवनमा कस्तो छ? बाइबलबाट त्यो प्रमाण कसरी लिन सक्नुहुन्छ? यो सत्यलाई अरूहरूलाई कसरी बाँड्न सक्नुहुन्छ? हाम्रो हित, भलाइ हाम्रो पछि निरन्तर लागिरहेको छ भन्ने प्रमाण के क्रूसभन्दा अरू केही होला र?**

## उपसँहारः

**थप जानकारीः एलेन जी. ह्वाइट, *टेस्टिमोनिज फर द चर्च,* ठेली ४, पृ. १४३को "मिसिनरिज इन होम," र *द डिजाएर अभ एजेजको* पृ. ४७६-४८४को "द दिभाइन शेफर्ड।"**

"जो येशूमा विजयी जीवन बिताइरहेका हुन्छन् तिनीहरूको आत्मिक जीवनमा भयानक जटिल परिस्थिति, कष्ट र समस्याहरू आउँछन् भन्ने कुरालाई मनगढन्ते ठान्नुहुन्न। तर त्यस विषम परिस्थितिमा प्रभुतिर भएको भरोसा कहिल्यै पनि त्याग्नुहुँदैन। येशूको स्कूलमा अनुशासित हुन तालिम लिने यो एक पक्ष हो। हामीमा भएका कचरमचर, अशुद्धता र फोहरी कुराहरू पखालिन ती अनुभवहरू अनिवार्य छ। शत्रुका सबै हातहतियार, सस्त्र र अस्त्रहरूका आक्रमणहरू प्रभुको सेवकले सामना गर्न धैर्यधारण र साहस सञ्चय गर्नै पर्दछ। सैतानले अनेकौं चर्तिकलाहरू येशूभक्तका सामु तेर्स्याएको थियो र तेर्स्याइनै रहेको छ। तर प्रभुको शक्तिले तिनीहरूलाई हटाउँदै लानुपर्दछ।

"तपाईं कठिन, समस्या र परिस्थितिहरूतिर तपाईंको नजर नराखी प्रभुतिर नजर राखिराख्यो भने तपाईं विचलित हुनुहुनेछैन। येशूको हात तपाईंतिर फैलिएको तपाईंले देख्नुहुनेछ। सरल विश्वाससाथ तपाईंको हात

त्यतातिर बढाउनुहोस्। उहाँले नै तपाईंलाई अगुवाइ गर्न दिनुहोस्। यदि तपाईं उहाँमा भरोसा राख्ने खुबी छ भने तपाईं आशावादी भएर जिउन सक्नुहुन्छ।

"येशूबाट बहुआयामिक, संतुलित, बलियो, सुन्दर र जबर चरित्र बनाउन सहयोग पाउन सक्नुहुन्छ। तपाईंको जीवनमा प्रभुको चमक टल्किरहेको छ भने सैतानको अन्धकारले उसलाई छुन सक्दैन। प्रभुले तपाईंलाई उहाँको अत्यन्तै उत्तम उपहार दिनुभएको छ। उहाँले आफ्नै पुत्र हामीलाई दिनुभएको छ। हामी उकासिउन्, आदर्शवादी होउन् र सक्षम् भएर उहाँको सिद्ध र निर्दोष चरित्र होउन् भन्ने प्रभुको चाहना हो। उहाँको राज्यको घरमा पस्न सक्षम् हुनसकुन् भन्ने प्रभुको तिब्र चाहना हो।"-एलेन जी. ह्वाइट, *मेसेजेज टु योङ्ग पिपुल,* पृ. ६३,६४बाट रूपान्तरित।

**चिन्तनमनन:**

**अ.** **तपाईंको जीवनमा कस्ता कस्ता कठिन, भयावह र आतङ्कित पार्ने परिस्थितिहरू सामना गर्नुभएको छ जो तपाईंको निम्ति येशूको स्कूल वा उहाँसँगको हिँडाइँमा अनुसाशित जीवन बिताउन तालिम पो भइरहेको पाउनुभएको छ र पाइरहनुभएको छ?**

**आ.** **कतिपय मानिसहरू संकष्टमा परिरहेका हुन्छन्। तिनीहरूमा येशूभक्तहरू विशेष हुन्छन्। गोठाला येशूले अगुवाइ गरिरहनुभएको छ भनेर यकिन भएतापनि तिनीहरू अन्धकारमा हिँड्नु परिरहेको हुन्छ। तिनीहरूलाई तपाईंले कसरी सहयोग, सान्त्वना र उत्साह दिन सक्नुहुन्छ? आवश्यक परेकाहरूलाई तपाईं र चर्चको हैशियतले अझ राम्रो ध्यान कसरी दिन सक्नुहुन्छ?**

**इ.** **प्रभुको भलाइ र करुणा हाम्रो पछि लागिरहेको छ भन्ने धारणालाई अझ कसरी व्याख्या गर्न सक्नुहुन्छ?**

**ई.** **अग्नीपरीक्षामा पर्नुभएको येशूको जीवनका अन्तिम क्षणहरूको समिक्षा गर्नुहोस्। येशू मानिस भएर बाइबल र एलेन जी. ह्वाइटका पुस्तकहरूबाट महान् संग्राम कसरी सहन सक्नुभयो भनेर लेखेका वचनहरू हेर्नुहोस्। हामी नै अग्निपरीक्षामा पर्दा उहाँको उदाहरणले के सिक्न सक्दछौं?**

## कथा १
## प्रभु येशूले श्रीमान र श्रीमतीलाई पुनस्थापना गर्नुहुन्छ, बोलभिया
## आनाबेल



एक आइतबार आनाबेल चिन्ताले आकुलव्याकुल भएर आफ्नो घरबाट आँशु बहाउँदै भागेकी थिइन्। उनी बोलभियाको कोचाबाम्बाका सडकहरूमा यताउती घुमीरहेकी थिइन्। उनको वैवाहिक जीवन ध्वस्त भएको थियो। उनको घरमा शान्ति थिएन। उनको श्रीमानको निरन्तर कचकच र झगडा गर्ने बानीले उनका दुई छोरीहरूलाई धेरै नराम्रो प्रभाव पारिरहेको थियो। उनलाई असह्य भएको थियो। घरेलु हिँसाबाट राहत पाउन आफ्नो श्रीमानसँग छुटपाट गर्नुमात्र उपाय भएको उनलाई महसुस भएको थियो।

सहर बजारका सडकहरूमा अंध्यारो अनुहार लिएर तलमाथि गरिरहेकी थिइन्। तर उनले अचानक एउटा कुराको याद आयो। सेभेन्थ-डे एडभेन्टिस्टहरूले आत्मिक चङ्गाइको कार्यक्रम चलाउँछन् भन्ने कुरा उनले सुनेकी थिइन्। उनी र उनको परिवार अर्कै सम्प्रदायको चर्चका सदस्यहरू थिए। तर त्यसबेला कहाँ जाउँ कहाँ जाउँ भन्ने परिस्थितिमा आफू पर्दा स्थानीय सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमा सहायता खोज्ने निधो गरिन्।

चर्चमा पास्टरले आनाबेलको कथो धैर्यतापूर्वक सुने। निराशको भूमरिमा परेकी आनाबेला रुँदै आफ्नो बैवाहिक जीवन झतविक्षत भएको र घरको समस्याको पिर पोखाइन्। उनको दुखेसो सुनिसकेपछि पास्टरले उनको र उनको निम्ति प्रार्थना गरे। त्यसपछि पास्टरले सुनाए, "केवल येशूलेमात्र तिम्रो वैवाहिक जीवनलाई बचाउन सक्नुहुन्छ।" प्रार्थना गरेपछि पास्टरले आनाबेलको घरमा आउने वचन दिए।

भोलिपल्ट पास्टर आनाबेलको घरमा गए। उनले आनाबेलको श्रीमानसँग वैवाहिक जीवनको बारेमा सरसल्लाह दिन आएको भनि उनलाई सुनाए। उनको श्रीमानले बिरोध नगरी समर्थन गरे। आनाबेल, उनको श्रीमान र दुई छोरीहरूलाई पारिवारिक परामर्सको निम्ति वैठकमा एकत्रित भए। प्रार्थनाद्वारा पहिलो परामर्सको श्रृङ्खला सुरु गरियो। "हे प्यारो परमेश्वर, हाम्रो घरमा परिवर्तन ल्याउनुहोस्," भनेर आनाबेलले प्रार्थना गरिन्। पास्टरको निर्देशनमा परिवारले बाइबलहरू खोले र बाइबल अध्ययन सुरु गरियो।

पहिलो श्रृङ्खलामा आनाबेलले धेरै आँशुहरू बगाइन्। उनी असहाय भएको महसुस गरिन्। उनलाई थाहा भयो कि उनले आफ्नो जीवन परमेश्वरमा पूरै अर्पण गर्नुपर्छ। तर जब उनले आफ्नो श्रीमानको तोकातोक वचनहरू सुनिन् पारिवारिक शान्त हुन असम्भव भएको उनले महसुस गर्न थालिन्।

केही दिनपछि, पास्टर फेरि फर्के र बाइबल अध्ययन गरेर अझ बढि सरसल्लाह दिए। उनले परिवारसँग प्रार्थना गरे र आनाबेलको श्रीमानसँग विगतको कुरा बिर्सेर अघि बढ्न प्रोत्साहन दिए। उनले आनाबेलको श्रीमानलाई धैर्यता, सदाशयता र शहिष्णुता अपनाउन सल्लाह दिए। "प्यारो परमेश्वर हाम्रो घरमा परिवर्तन ल्याउनुहोस्," भनेर आनाबेलले फेरि प्रार्थना गरिन्।

जब पारिवारिक परामर्सका श्रृङ्खलाहरू समाप्त भयो तब एक जना छोरीले आफ्नो हृदय येशूलाई दिन चाहेकी र बप्तिस्मा पनि लिन चाहेको व्यक्त गरिन्। पास्टरले पूरै परिवारलाई एडभेन्टिस्ट चर्चमा हुने आराधना कार्यक्रममा भाग लिन आमन्त्रण गरे। पूरै परिवार गए। छोरीले पाथफाइन्दडर क्लबमा पनि सरिक भइन् र बप्तिस्मा पनि लिइन्।

अन कोभिड-१९मा महामारी सुरु भयो। सरकारले सबैलाई तीन महिना घरै बस्नु र कहीं नजानु भनेर कडा आदेश जारी गऱ्यो। घरबाट बाहिर नजाने निषेध आज्ञा हटायो तर चर्चहरूमा गएर आराधना गर्न त बन्देज लागि नै रहेको थियो। आराधना सेवाकार्यक्रमको निरन्तरता अनलाइनबाट भइरहेको थियो। कोभिड-१९को समयमा परमेश्वरले आनाबेलका प्रार्थनाहरू सुन्नुभयो। तब त्यसबेला घरमा केही न केही भयो। दुवै उनी र उनको श्रीमानमा ठूलो परिवर्तन आएको थियो। ख्रीष्टले साँच्चिकै तिनीहरूको घरलाई आशिष दिनुभएको थियो। आफ्नो घरबाट आततायी भएर भागेको एघार महिना पछि आनाबेल उनको श्रीमान र अर्को छोरीले सँगै बप्तिस्मा लिए।

परमेश्वरले तिनीहरूको परिवारको पुनस्थापना गर्नुभयो। परमेश्वरको प्रेम र दयाको निम्ति आनावेलले उहाँको स्तुति र धन्यवादको प्रशंसा दिन्छिन्। अरू परिवारहरूले पनि प्रार्थनाद्वारा पाउने परमेश्वरको शक्तिमा भर पर्न उनले उत्साह दिन्छिन्।

"परमेश्वरको निम्ति केही पनि असम्भव छैन," उनले भन्छिन्। "परमेश्वरलाई पहिलो स्थानमा राख्नुपर्छ र उहाँको इच्छामा चल्नुपर्छ। परमेश्वर विश्वासीलो हुनुहुन्छ, र उहाँमाथि भरोसा राख्ने सबैको निम्ति उहाँ आश्रय सरण स्थान हुनुहुन्छ।"

-आन्ड्र्यु मेकचेस्नी।